सुनछहरी गाउँपालिका, पोवाङ्, रोल्पा गाउँ कार्यपालिका को तेह्रौ बैठक मिति २०८३ जेठ २९ गते दिउँसो २:०० बजे

**तेह्रौ कार्यपालिका बैठकका कार्यसूचीहरु:**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।

२. आ.व. २०८३/८४ को बजेटका प्राथामिकता पारित सम्बन्धमा।

३. आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा।

४. आ.व. २०८३/८४ को बजेट वक्तब्य तर्जुमा सम्बन्धमा।

५. कार्यविधि पारित तथा संशोधन सम्बन्धमा।

क. सुनछहरी गाउँपालिकाको कर्मचारी कल्याणकारी कोष सञ्चालन कार्यविधि, २०८३

ख. सुनछहरी गाउँपालिकाको प्राविधिक/विषयगत शिक्षा अध्ययन छात्रवृति वितरण सम्बन्धी कार्यविधि, २०८३

६. सहिदहरुको तथ्यांक संकलन अभिलेखिकरण तथा प्रकाशन सम्बन्धमा।

७. सुनछहरी गाउँपालिकाको भु उपयोग योजना को अन्तिम प्रतिवेदन स्वीकृत सम्बन्धमा।

८. मगर खाम भाषाको कक्षा ६-८ को पाठ्यपुस्तक तयारीको अन्तिम प्रतिवेदन स्वीकृत सम्बन्धमा।

९. विषयगत समिति बैठक सम्बन्धमा।

१०. योजना तथा कार्यक्रम संशोधन /रकमान्तर सम्बन्धमा।

११. विज्ञापन सम्बन्धमा।

१२. सार्वजनिक विदा सम्बन्धमा।

१३. विविध

निर्णयहरु:

| निर्णय क्रम संख्या | निर्णयको ब्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८३।०२।०५ गते बाह्रौ कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्था समीक्षा गरियो। | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | आगामी आ.व. २०८३/८४ को बजेट निर्माण देहायबमोजिमका प्राथामिकता निर्धारण गर्ने।<br>क. सामाजिक विकास समावेशीकरण भाषा संस्कृति जर्गेना<br>ख. मानव विकासः अनिवार्य आधारभूत शिक्षा र गुणस्तरिय स्वास्थ्य<br>ग. आर्थिक विकासः कृषि तथा पशु विकास उद्यम र पर्यटनको पर्वद्धन<br>घ. पूर्वाधार विकासः सड्क पूर्वाधार, भवन तथा सार्वजनिक निर्माण<br>ङ. सुशासन तथा संस्थागत विकास<br>च. वन तथा वातावरणः विपद् व्यवस्थापन, सामुदायिक तथा कबुलियति वनको संरक्षण | कार्यपालिका | |
| ३ | आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रमको लागि सुझाव माग गर्नको लागि ७ दिने सूचना गर्ने। | योजना शाखा | |
| ४ | आगामी आ.व. २०८३/८४ को बजेट वक्तब्य तर्जुमाको लागि कर्मचारीहरुले तयारी गर्ने। | प्रमुख प्रशासकीय अधिकृत | |
| ५ | देहायबमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने।<br>क. सुनछहरी गाउँपालिकाको कर्मचारी कल्याणकारी कोष सञ्चालन कार्यविधि, २०८३<br>ख. सुनछहरी गाउँपालिकाको प्राविधिक/विषयगत शिक्षा अध्ययन छात्रवृति वितरण सम्बन्धी कार्यविधि, २०८३ | कार्यपालिका | |
| ६ | चालु आ.व. को सहिदहरुको तथ्यांक संकलन अभिलेखिकरण तथा प्रकाशन शिर्षकबाट १०० वटाको रु १ लाख र १०० वटा रु १ लाख कन्टेन्जेन्सीबाट सहिदहरुको नाम उल्लेखित जनयुद्धमा रोल्पा नामक किताबको प्राप्त बिलको आधारमा त्रिवेणी स्टेशनरी सप्लार्यस घोराही दाङ्ग लाई भुक्तानी गर्ने। | प्रमुख प्रशासकीय अधिकृत | |
| ७ | सुनछहरी गाउँपालिका को भू उपयोग योजना तथा जग्गा वर्गीकरण को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने। | कार्यपालिका | |
| ८ | मगर खाम भाषाको कक्षा ६ ८ को पाठ्यपुस्तक को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने | कार्यपालिका | |
| ९ | विषयगत समितिको बैठक देहायबमोजिम बस्ने<br>विषयगत समिति \| बैठक बस्ने मिति र समय | प्रमुख प्रशासकीय अधिकृत | |

| | | | |
|---|---|---|---|
| | राजस्व परामर्श समिति — मिति २०८३ असार ७ गते बिहान ९ बजे<br>स्रोत अनुमान तथा सीमा निर्धारण समिति — मिति २०८३ असार ७ गते दिउँसो १२ बजे<br>आर्थिक विकास समिति — मिति २०८३ असार ७ गते दिउँसो २ बजे<br>पूर्वाधार विकास समिति — मिति २०८३ असार ७ गते दिउँसो ४ बजे<br>विधायन समिति — मिति २०८३ असार ८ गते बिहान ९ बजे<br>वन वातावरण तथा विपद व्यवस्थापन समिति — मिति २०८३ असार ८ गते बिहान १० बजे<br>सामाजिक विकास समिति — मिति २०८३ असार ८ गते बिहान ११ बजे<br>सुशासन तथा संस्थागत विकास समिति — मिति २०८३ असार ८ गते दिउँसो १ बजे<br>लेखा समिति — मिति २०८३ असार ८ गते दिउँसो ३ बजे<br>बजेट तथा कार्यक्रम तर्जुमा समिति — मिति २०८३ असार ९ गते बिहान ९ बजे | | |
| १० | सुनछहरी गाउँपालिका वडा नं १ कार्यलय सहयोगी र गरिव सँग विश्वश्वर कार्यक्रमको सामाजिक परिचालकले राजीनामा दिइ स्वीकृत भएकोमा उक्त स्थानमा दरखास्त आव्हान गर्ने | प्रशासन शाखा | |
| ११ | भुम्या पर्वको अवसरमा मिति २०८३ असार २ गते स्थानीय सार्वजनिक विदा दिने। | प्रशासन शाखा | |
| १२ | देहाय बमोजिमका शिर्षकहरु रकमान्तर तथा संशोधन गर्नेः | आर्थिक प्रशासन शाखा | |
| १३ | विविध सम्बन्धमा देहाय बमोजिम निर्णय गर्ने<br>क. कार्यपालिका को मिति २०८३ वैशाष ३ गतेको बैठकको निर्णअनुसार मिति २०८३ वैशाख १९ र २० गते संगित नाट्य प्रतिष्ठान काठ्माण्डौ र रोल्पा कला साहित्य प्रतिष्ठानको आयोजनामा थवाङ्ग मा सम्पन्न भएको प्रतिगतिशिल संगित उत्सव २०८३ लाई रु २ लाख उपलब्ध गराउने निर्णय भएबमोजिम रोल्पा कला साहित्य प्रतिष्ठान काठमाण्डौँ लाई निर्णय र प्राप्त बिल को आधारमा रु २ लाख भुक्तानी दिने। भुक्तानी दिँदा १ लाख ५० हजार विशिष्ट प्रतिनिधि मण्डलको भ्रमण खर्च र ५० हजार विविध शिर्षकबाट दिने।<br>ख. सुलिचौर फगाम सड्क मर्मत सड्क मर्मत सम्भार शिर्षकबाट गर्ने।<br>ग. सुनछहरी गाउँपालिका वडा नं. ६ को वडा कार्यालय भवनको झ्याल ढोका मर्मतका लागि पत्राचार गर्ने<br>घ. देहायका योजना कन्टेन्जेन्सीबाट गर्ने<br>• जेलवाङ् प्रवेशद्वार गेटको रङ्गरोगन प्राविधिक मूल्यांकनको आधारमा<br>• भूमे पर्वको भिडियो बनाउन क्यामेरा मेनलाई आवश्यक रकम बिल को आधारमा भुक्तानी दिने।<br>• सुनछहरी गाउँपालिका वडा नं ४ स्थित सिउरी स्वास्थ्य चौकिको जग्गा पास गर्दा लागेको खर्च भुक्तानी दिने। | | |